# माई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सितली,इलाम

फोन: ०२७४१२२२२
वेवसाइट: maimun.gov.np
इमेल: mainagarpalika@gmail.com
फेसबुक पेज:fb.com/maimun2

कोशी प्रदेश, नेपाल


माई नगरपालिका नगर कार्यपालिकाको कार्यालय शितली, इलाम कोशी प्रदेश, नेपाल

## आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र आव्हान सम्बन्धि सूचना

### प्रथम पटक प्रकाशित मिति २०८२/०३/०८

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार यस नगरपालिकाको आगामी आ ब ०८२/०८३ का लागि आन्तरिक आय संकलन गर्न निम्न शिर्षक अनुसारका आयमा राजश्व परामर्श समितिको सिफारिस तथा नगरकार्यपालिकाको मिति २०८२/०२/२६ गतेको ठेक्का बन्दोवस्त गर्ने निर्णयानुसार ठेक्का वन्दोबस्त गर्नु पर्ने भएकोले ठेक्का सम्बन्धी कागजातमा उल्लेखित शर्तमा उल्लेखित न्युनतम ठेक्का अंकमा नघट्ने गरी १५ दिने बोलपत्र आवहान गरिएको छ । सूचना प्रकाशन भएको मितिले तोकिएको म्याद भित्र योग्यता पुगेका फर्म/कम्पानी/संस्थाहरुले ठेक्का सम्बन्धी कागजात यस कार्यालयवाट खरिद तथा पेश गर्न सकिनेछ ।

तपशिल:-

| शि.नं. | ठेक्का नं. | ठेक्का शिर्षक | आ.ब.०८२/८३ का लागि प्राप्त न्यूनतम अंक भ्याट वाहेक | बोलपत्र फाराम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फाराम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | MM/IR/04/082/83 | मंगलवारे हाटवजार (टहरा सहित) | १०,०००/- | १,०००/- | २०८२/०३/२३ गते दिनको ठिक १२ वजे सम्म | २०८२/०३/२३ गते दिनको ठिक १२:०० वजे भित्र | २०८२/०३/२३ गते दिनको १:०० वजे |

***शर्तहरु:-***

१, ईच्छुक योग्यता पुगेका बोलपत्रदाताहरुले कागजात पेश गर्दा फर्म/कम्पनी/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, नविकरण भएको दर्ताको प्रमाण पत्रको प्रतिलिपि, भ्याट (भ्याट दर्ता प्रमाणपत्र र आ.ब. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै स्वः घोषणा पत्र संलग्न राखि तोकिएको बोलपत्र सम्बन्धी खरिद भएका बोलपत्र सम्बन्धी कागजातको तोकिएको दस्तुर (फिर्ता नहुने गरी) यस नगरपालिकाको सानीमा बैंक माई शाखामा रहेका आन्तरिक राजश्व खाता नं. ०५२०१००४००००१३ मा जम्मा गरी भौचर तथा माथि उल्लेख गरिएका कागजात स्क्यान गरी पेश गर्नु पर्नेछ ।

२, बोलपत्र दाखिला गर्ने बोलपत्रदाताहरुले कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस नगरपालिकाको सानीमा बैंक माई शाखामा रहेका धरौटी खाता नं. ०५२०१००२००००००८ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ वा वाणिज्य बैंक वा वितिय संस्थावाट यस कार्यालयको नाममा जारी भएको ७५ दिन म्याद भएको विडवण्ड धरौटी स्वरुप पेश गर्नु पर्नेछ ।

३, तोकिएको समय भित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा माई नगरपालिकाको कार्यालमा मिति २०८२/०३/२३ गते दिउसो १:०० वजे खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४, बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्न र खोल्न बाधा पर्ने छैन ।

५, बोलपत्र जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ ।

चिरञ्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# माई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सितली,इलाम
कोशी प्रदेश, नेपाल

फोनः ०२७४१२२२२
वेवसाइटः maimun.gov.np
इमेलः mainagarpalika@gmail.com
फेसबुक पेजःfb.com/maimun2


माई नगरपालिका नगर कार्यपालिकाको कार्यालय शितली, इलाम कोशी प्रदेश, नेपाल

६, कुनै वा सबै बोलपत्र, पुरै वा आंशिकरुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

७, बोलपत्र स्वीकृत भएको आशयको सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी आवश्यक कानूनी कारवाही गरिने छ ।

८, ठेक्का सम्झौताको समयमा स्वीकृत ठेक्का रकम अग्रिम एकमुष्ट १३ प्रतिशत मु.अ.कर सहित बुझाउनु पर्नेछ ।

९, कबोल अंकको रकम एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत रकम छुट दिइने छ ।

१०, किस्तावन्दी रुपमा रकम बुझाउने भए पहिलो किस्ता वापत ठेक्का कवोल अंक रकमको ५० प्रतिशत सम्झौता गर्न अगावै बुझाउनु पर्नेछ । वाँकी ५० प्रतिशत रकम सम्झौता मिति देखि २ महिना भित्र अनिवार्य वुझाउनु पर्नेछ ।

११, सम्पुर्ण रकम एक मुष्ट नबुझाएमा बोलपत्रदाताले ठेक्का सम्झौता गर्न आउँदा कति रकम बुझाउन बाँकी रहन्छ सो वरावरको जमानत बापत रकम नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त (क) वर्गको बाणिज्य बैंकवाट सम्झौता अवधिसम्मको बैंक ग्यारेण्टी सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ ।

१२, ठेक्का सम्झौता अवधि २०८३ साल आषाढ मसान्त सम्म कायम रहने छ ।

१३, माथि उल्लेखित शर्तहरु वाहेक अन्यका हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

माई नगरपालिका नगर कार्यपालिकाको कार्यालय
शितली, इलाम
कोशी प्रदेश, नेपाल

चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

मितिः..........................................

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु
माई नगरपालिका नगर कार्यपालिकाको कार्यालय, इलाम

विषयः सिलबन्दी बोलपत्र पेश गरेको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा माई नगरपालिका कार्यालयको मितिः २०८२/०३/०८ गते प्रकाशित सुचना अनुसार आ.व. २०८२/०८३ एक वर्ष १ को कर ठेक्कामा लिने इच्छा भएकोले आफुले चाहेको ठेक्का विवरणको डाक अंक बमोजिम उल्लेख गरी कवोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी वापतको रकम यस नगरपालिकाको सानीमा बैंक माई शाखामा रहेका धरौटी खाता नं. ०५२०१००२००००००८ मा जम्मा गरि सो को सक्कलै भौचर समेत संलग्न राखि बोलपत्र पेश गरेको छु ।

कबोल गरेको डाक अंकको विवरणः

| प्रकाशित सुचना सि.नं | ठेक्काको विवरण नाम | नगरपालिकाको न्युनतम अंक (मु.अ कर सहीत) | बोलपत्रदाताले कवोल गरेको रकम ( अंक र अक्षरमा ) | ५% धरौटी रकम |
|---|---|---|---|---|
| | | | | |

मैले कुनै प्रकारको वक्यौता नगरपालिककालाई तिर्न बुझाउन बाँकी छैन । कुनै अदालतबाट पाएको सँजाय पाएको सजाय भुक्तान गर्न बाँकी छैन ।

पेश गर्ने प्रस्तावकको विवरण

फर्मको आधिकारीक छाप

नाम..........................................
ठेगाना..........................................
दस्तखत..........................................
मितिः..........................................
संपर्क नं ..........................................